केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः२०८०/०२/२४

भाग —२


## केपिलासगढी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### बाक्सिला, खोटाङ

### कोशी, प्रदेश

## स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०

प्रमाणिकरण मितिः २०८०/०२/२४

केपिलासगढी गाउँकार्यपालिकाको बैठकबाट मिति २०८०/०२/२२ मा स्वीकृत भएको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम केपिलासगढी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ अनुसार सार्वजनिक जानकारीको लागि देहाय बमोजिम यो कार्यविधि प्रकाशन गरिएको छ।

## स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**: कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी केपिलासगढी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागे सम्ममा यस कार्यविधिमाः

(क) **"अध्यादेश"** भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८०" लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले केपिलासगढी गाउँपालिका सम्झनुपर्छ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले केपिलासगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(घ)**"प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ।

(ङ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ।

(च) **"समायोजन ऐन"** भन्नाले कर्माचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(छ) **"तह वृद्धि"** भन्नाले कोशी प्रदेश सरकारले स्थानीय सेवाको गठन, संचालन र सेवाका सर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरेको अध्यादेश, २०८० वमोजिम तह वृद्धि हुन योग्य कर्मचारीहरुको एक पटकका लागि एक तह वृद्धि गर्ने कार्यलाई सम्झनुपर्छ।

(ज) **"समिति"** भन्नाले दफा ४ वमोजिमको तह वृद्धिको लागि गठित समितिलाई सम्झनु पर्दछ।

(झ) **"अख्तियारवाला"** भन्नाले स्थानिय सेवामा नियुक्ती, पदस्थापन र अवकासको निर्णय गर्ने प्रमुख प्रशासकीय अधिकृत पर्दछ।

(ञ) **"स्थानीय तह"** भन्नाले केपिलासगढी गाउँपालिका सम्झनु पर्दछ।

## परिच्छेद-२
## सूचना प्रकाशन सम्बन्धी व्यवस्था

**३. सूचना प्रकाशन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि अनुसार तह वृद्धि गर्न अख्तियारवालाले ७ दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरिसकेपछि तह वृद्धि हुन चाहने कर्मचारीले तपसिल बमोजिमका कागजातहरु सहित आवेदन दिनुपर्नेछ।

(क) अनुसूची १ बमोजिमको निवेदन।

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र।

(ग) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैंटौ तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र।

(घ) समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्र।

(ङ) न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु।

## परिच्छेद-३
## सिफारिस समति सम्बन्धि व्यवस्था

**४. तह वृद्धिको सिफारिस समितिः** (१) यस कार्यविधि बमोजिम गरिने तह वृद्धिका लागि देहाय वमोजिमको सिफारीस समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत -संयोजक

(ख) कार्यपालिकाले तोकेको बरिष्ठ महिला कर्मचारी -सदस्य

(ग) कार्यपालिकाले तोकेको एक बरिष्ठ कर्मचारी -सदस्य

(२) समितिको बैठकमा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा १ वमोजिमको समितिले बैठक संचालन सम्बन्धी कार्यविधि आफै तय गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) सूचना प्रकाशन गर्ने : तह वृद्धि हुन चाहाने कर्मचारीको लागि सात दिनको समयावधि दिई सूचना प्रकाशन गर्ने।

(ख) सूचना अवधि भित्र परेका आवेदन तथा कागजातहरुको छानविन गर्ने।

(ग)यस कार्यविधि भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तर वृद्धिको लागि अखितयारवाला समक्ष सिफारीस गर्ने।

## परिच्छेद-४
## आवश्यक न्युनतम योग्यता र सेवा अवधि

**५. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा आवधि तपसिल बमोजिम हुनेछ।

| क्र. स. | हालको पद | तह वृद्धि हुने तह | न्युनतम शैक्षिक योग्यता | सेवा अवधि |
|---|---|---|---|---|
| १. | संघिय लोक सेवाबाट छैटौं तहमा सिफारिस भएका | सातौं | सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिर्ण | स्वतः |
| २. | चौथो | सहायक पाचौं | सम्बन्धित विषयमा कम्तिमा एस. एल. सी. तह उतिर्ण वा सो सोरह | सहायक चौथो तहमा कम्तिमा ५ वर्ष सेवा अवधि पुरा गरेको |
| ३. | सहायक पाचौं | छैटौं | सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह उतिर्ण वा सो सोरह | सहायक पाचौं तहमा कम्तिमा ५ वर्ष सेवा अवधि पुरा गरेको |

(२) अन्यत्र जे सुकै लेखेता पनि तह वृद्धिको लागि आवश्यक न्युनतम योग्यता र सेवा अवधि "स्थानीय सेवाको गठन, संचालन र सेवा सर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८०" को दफा २८ र २९ बमोजिम हुने छन।

## परिच्छेद-५
## तह वृद्धि सम्बन्धी विशेष व्यवस्था

६. **तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम देहायको अवस्थामा कर्मचारीको एक पटकको लागि एक तहवृद्धि गरिनेछ।

(क) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्पुटर अपरेटर पदमा कार्यरत कर्मचारीको अख्तियारवालाले तह वृद्धिको निर्णय गरि नियुक्ति पत्र दिनेछ।

(ख) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरि क्रमश छैटौं, आठौं र दशौं तहमा एक तह वृद्धि गरिने छ।

(ग) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्ने छ।

(घ) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिता परिक्षाद्वारा स्थानीय तहको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भएका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ।यसरी सातौं तह कायम गर्नु पुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ।

(ङ) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरि नियुक्तिपत्र दिनुपर्नेछ।

(छ) तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन वर्षको औसत कार्यसम्पादन मूल्यांकन नब्बे प्रतिशत प्राप्त गरेका स्थानीय तहका कर्मचारीहरू।

(२) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/ पदाधिकार रहको कार्यालयमा तह वृद्धि गरिनेछ।

(३) उपदफा (१) को (क) देखि (छ) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई तह वृद्धि सिफारिस समितिको सिफारिसमा अख्तियारवालाले आवश्यक योग्यता पुगेको खण्डमा नियुक्ति दिइ पदस्थापना गर्नेछ।

## परिच्छेद-६
## जेष्ठता कायम

**८. जेष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीको प्रत्येक आर्थिक वर्षको श्रावण १ र माघ १ गतेबाट जेष्ठता कायम हुने गरि अख्तियारवालाले नियुक्ति पत्र दिनु पर्नेछ।

## परिच्छेद-७
## बाधा अड्काउ

**९. बाधा अडकाउ फुकाउनेः** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार कोशी प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकाले गर्नेछ।

## परिच्छेद-८
## तह वृद्धि हुन नसक्ने अवस्था

**१०. तह वृद्धि हुन नसक्ने अवस्थाः**

(क) समायोजन पछि बढुवा भएको भएमा।

(ख) प्रचलीत कानून वमोजिम निलम्वन भएकोमा निलम्वन भएको अवधिभर।

(ग) तलव वृद्वि रोक्का भएकोमा तलव वृद्वि रोक्का भएको अवधिभर।

(घ) विभागीय सजाय भई वढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

(ङ) समायोजन पछिका प्रदेश लोक सेवा आयोगबाट नयाँ विज्ञापनमा सिफारिस भई स्थानीय

तहमा नियुक्ति पाएका।

(च) असाधारण विदा वा अध्ययन विदामा बसेको भएमा सो विदाको अवधिभर।

## परिच्छेद-९
## विविध

**११. जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम तह वृद्धि गरिएका कर्मचारीहरुको जानकारी

**१२. सूचना दिनु पर्नेः** तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१३. उजुरी/गुनासोः** यस कार्यविधि को तहवृद्वी उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

केपिलासगढी गाउँपालिका

**अनुसूचि १**

दफा ४ को उपदफा २ क सँग सम्बन्धित

बढुवा तथा तह वृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
केपिलासगढी गाउँपालिका,
केपिलासगढी , खोटाङ ।

विषयः तह वृद्धि सम्बन्धमा।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्वारा मिति २०८०/०१/१४ गते जारी गरिएको **"स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश", २०८०** को परिच्छेद-३ को दफा ८. को (१६) बमोजिम "निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौं तहसम्मका स्थायी कर्मचारी तथा सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र **यो अध्यादेश जारी हुँदाका बखतसम्म तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह वृद्धि गरिनेछ"** भनि अध्यादेश जारी भएको हुँदा **"कर्मचारी समायोजन ऐन, २०७५"** जारी हुँदाका बखत एक तह वृद्धि नभई समायोजन भएको म..........................................................................यो अध्यादेश तथा केपिलासगढी गाउँपालिकाको **"स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि ,२०८०"** बमोजिम एक तह वृद्धि गरिदिन हुन साथै तह वृद्धिका लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदनका साथ पेश गरिएको कागजातहरु :

१. लोकसेवा आयोगको सिफारीस पत्र
२. नियुक्ती पत्र
३. समायोजनए भएको भए समायोजन पत्र
४. आवश्यक न्युनतम योग्यता पुस्टि गर्ने कागजातहरु

निवेदक

कर्मचारीको नाम, थर : ____________.

क.स.नं. ____________

समायोजन मिति :____________

हालको पद :

सेवा :

समुह/उपसमुह :

**अनुसूचि २**

दफा ७ को उपदफा २ बमोजिम

तह वृद्धि सम्बन्धी नियुक्तिको ढाँचा

मितिः

विषयः ......तह कायम गरि नियुक्ति दिई पदस्थापन गरिएको सम्बन्धमा।

**महासय,**

तपाईलाई कोशी प्रदेश स्थानीय सेवा गठन संचालन र सेवा सर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा...... को उपदफा........ र यस गाउँपालिकाको "स्थानीय तहमा कार्यरत कर्मचारीहरको तह वृद्धि सम्बन्धि कार्यविधि , २०८० को दफा ५ को उपदफा १ को तह वृद्धि समितिको निर्णयानुसार नियुक्ति मिति अथवा प्रचलित कानुन बमोजिम जेष्ठता कायम हुने गरि.....तहमा तह वृद्धि गरी पदस्थापन गरिएको छ।

स्तर तहमा स्तर वृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना । तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकारप्रति कर्तव्यनिष्ठ भई प्रचलित ऐन, कानुनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाको साथ कार्यसम्पादन गर्नुहुने छ भन्ने अपेक्षा लिएको छु।

| हाल कार्यरत पदको विवरण | बढुवातह वृद्धि भएको पदको विवरण / |
|---|---|
| १. सेवाः<br>२. समूहःउपसमूह /<br>३. पदः<br>४. तहः | १. सेवाः<br>२. समूहःउपसमूह /<br>३. पदः<br>४. तहः |
| | |

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौं ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपाल।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर।

श्री राष्ट्रिय किताव खाना, हरिहरभवन, ललितपुर।

श्री प्रदेश किताबखाना, विराटनगर।

श्री कर्मचारी संचय कोष, ठमेल।

श्री नागरिक लगानी कोष नयाँ बानेश्वर, काठमाण्डौ।

श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, दिक्तेल खोटाङ।

श्री आर्थिक प्रशासन शाखा, केपिलासगढी गाउँपालिका खोटाङ ।

केपिलासगढी गाउँपालिका

आज्ञाले,

नामः गुञ्जन कार्की

पदः प्रमुख प्रशासकिय अधिकृत